**रचनात्मक पहलहरू**

तपाईंको बोलावट अन्तर्गत खम्बाहरूमा धेरै महत्त्वपूर्ण विषय तपाईंको सेवकाईमा रचनात्मक पहल गर्नु हो। एक जवान अगुवाको रूपमा कहिलेकहीं यो धेरै निराशाजनक हुन सक्छ, किनकि तपाईं आफूले चाहेको जस्तो प्रकारले नेतृत्व र निर्माण गर्ने मौकाहरू नपाएको अनुभव गर्नुहुन्छ। अनि कहिलेकहीं हामीमा यदि मैले पद पाएँ वा उपाधि पाएँ भने म साँच्चै धेरै महत्त्वपूर्ण कार्य गर्न सक्नेछु भन्ने सोच हुन्छ।

म तपाईंलाई हितोपदेश अध्याय ६ बाट एउटा पद पढेर सुनाउँछु। पद ६ ले यसो भनेको छः "कमिलाकहाँ गएर त्यसको चाल ढङ्ग हेर्, र बुद्धिमान बन्! त्यसको अगुवा हुँदैन, हाकिम वा शासक हुँदैन, तापनि ग्रीष्म ऋतुमा त्यसले अन्नको भण्डार तयार गर्छ र कटनीको समयमा आफ्नो खानेकुरा सञ्चय गर्छ।" जब हामी यो पद पढ्छौं, तब प्रायः हामी कमिलाले गर्ने पहलमा ध्यान लगाउँछौं।

तर यस पदमा सोलोमनले स्पष्ट रूपमा भनेका छन्, "यसको बारेमा विचार गर्नुपर्छ। कमिलाको कुनै त्यसको हाकिम वा शासक हुँदैन। कमिलाले यस्तो पहल लिएर आउँछ जसबाट हामी मालिकले निर्देशन वा मौका नदिए पनि हामी सिक्न सक्छौं।" अब, हामी सबैसँग मालिकहरू छन्। हामी सबैसँग अधिकार भएका मानिसहरू छन् जसलाई हामी आदर र सम्मान गर्छौं। तापनि एक युवा अगुवाको अहिले तपाईंका लागि भविष्यमा होइन, तर अहिले नै एउटा रचनात्मक पहल गर्ने मौका छ, जसले तपाईंलाई प्रभुद्वारा महत्त्वपूर्ण रूपमा प्रयोग हुन सक्ने बनाउँछ।

अनि १ शमूएल १४ अध्याय र जोनाथनको कथामा हामीलाई यो पहलको उदाहरण दिइएको छ। किनकि १ शमूएल १४ अध्याय मा इस्राएल राष्ट्रले एक विरोधी दुष्ट सेनाको सामना गरिरहेको छ जुन तिनीहरू भन्दा धेरै ठूलो छ। अनि इस्राएलका राजा शाऊल भयभीत भएका छन्। उनी एउटा गुफामा लुकेका छन् र सिपाहीहरूले केही गरिरहेका छैनन्। अनि जोनाथन खडा हुन्छन्, जो राजा होइनन्, जोसँग त्यो अधिकारको पद छैन, तापनि तिनी खडा हुन्छन् र परमेश्वरको इच्छा पूरा भएको देख्नका लागि रचनात्मक पहल गर्छन्।

अनि तिनको कथा हाम्रो लागि एउटा नमुनाको रूपमा छ। म तपाईंलाई १ शमूएल १४ अध्याय पढ्नका लागि समय निकाल्नुहोस् भनी उत्साह दिन्छु। किनकि तपाईंले जोनाथनमा केही यस्ता विशेषताहरू पाउनुहुनेछ, जुन तपाईं यस प्रकारको रचनात्मक पहल गर्ने युवा अगुवा बन्न चाहनुहुन्छ भने तपाईंमा हुनु आवश्यक छ।

जोनाथनले एक चरित्रवान् व्यक्तिको रूपमा सुरु गर्छन्। यदि तपाईंले त्यो कथा अध्ययन गर्नुभयो भने, तपाईंले यो पाउनुहुन्छ कि, जोनाथन आफू राजा नभएकोमा रिसाउँदैनन्, त्यसका निम्ति उनी आफ्ना बुबासँग रिसाउँदैनन्, उनी आफ्ना बुबासँग गुनासो गर्दैनन्, उनी आफ्ना बुबाले उनलाई यो भूमिकाको लागि नियुक्त नगरेकोमा निराश भएर पर्खँदैनन्। जोनाथनले बुबाको विरुद्धमा विद्रोह गर्न ६०० सिपाहीलाई भेला गरी आफ्नो पछि लगाउने कोसिस गर्दैनन्। जोनाथनको चरित्र असल छ। तिनले जे गर्छन् त्यो उचित छ। त्यसमा इमानदारी छ।

रचनात्मक पहल गर्नुको अर्थ हामी जे पनि गर्छौं त्यो हामीलाई निर्देशनको रूपमा दिनुपर्छ भन्ने होइन। कमिलालाई विचार गर्नुहोस्। त्यसको कुनै हाकिम हुँदैन, कुनै शासक हुँदैन। तर यसको अर्थ यो हो कि जब हामी केही गर्न र पहल गर्न खडा हुन्छौं, हामी त्यो चरित्रका साथ गर्छौं, हामी त्यो यस्तो प्रकारले गर्छौं जसले सम्मान र इमानदारी कायम राख्छ, जो हामी हौं पनि र हामी परमेश्वरले चाहनुभएको जस्तो व्यक्ति बन्छौं, अनि हामीले काम गरिरहेका सेवकाईमा कुनै पनि भ्रम वा अनेकता सिर्जना गर्दैनौं। युवा अगुवाहरूको रूपमा हामीले यो कुरा बुझ्नु साँच्चै महत्त्वपूर्ण छ, कि हामी केवल हामीलाई दिइएको मानवीय मौकाका लागि पर्खिरहेका हुँदैनौं र हामी त्यो मौकालाई त्यस्तो प्रकारले सिर्जना गर्दैनौं जसमा इमानदारी हुँदैन। तर हामी आफैलाई जोनाथन जस्तै एक

पात्रको रूपमा हेर्छौं र त्यहाँ एउटा मौका छ जुन हाम्रो लागि हो भनी बुझ्छौं, तर यो इमानदार चरित्रद्वारा अनि तपाईंको अगाडि राखिएको कार्य गरेपछि सुरु हुन्छ।

जोनाथन खडा हुन्छन् र तिनले धेरै कठिन परिस्थितिमा परिवर्तन ल्याउने कोसिस गर्न थाल्छन्। तिनी केही पहल गर्न लागेका छन्। त्यसपछि जोनाथनलाई चरित्रमा विश्वास छ। जब तपाईं १ शमूएल १४ अध्याय पढ्नुहुन्छ, जोनाथनले धेरै रोचक कुरा भन्छन्। तिनी भन्छन्, "सायद परमप्रभुले हामीद्वारा काम गर्नुहुनेछ।" अनि त्यसपछि तिनी अझ भन्छन्, "परमेश्वरलाई कुनै कुराले रोक्न सक्दैन।" यो एउटा भनाइमा, तिनले हामीलाई एक प्रकारले युवा अगुवाको रूपमा तपाईंले पहल गर्न लाग्नुहुँदा विश्वास कस्तो हुन्छ भन्ने कुराको तस्बीर दिन्छन्। "सायद प्रभुले हाम्रो लागि काम गर्नुहुनेछ। त्यहाँ थोरै अनिश्चितता छ। म खडा हुनेछु। म केही गर्ने कोसिस गर्नेछु। म परमेश्वरका लागि केही गर्नेछु। त्यो कस्तो हुनेछ मलाई थाहा छैन।" तापनि यो कुरा निश्चित छ कि परमेश्वरलाई कुनै कुराले रोक्न सक्दैन।

अनि यदि तपाईं पहल गर्न लाग्नुभएको छ भने, तपाईंसँग निश्चितता हुनेछ र अनिश्चितता पनि हुनेछ भन्ने कुरा स्वीकार गर्न तपाईं तयार हुनुपर्छ। यदि तपाईं केवल निश्चितता मात्र पर्खनुहुन्छ भने तपाईं विरलै पहल गर्नुहुनेछ। तपाईं सधैं सबै परिस्थिति ठिक होस्, सबै स्रोत-साधनहरू होस्, सबै मानिसहरू त्यहाँ होस्, सबै अनुमतिहरू प्राप्त होस् भनेर तपाईं पर्खनुहुनेछ। तर यदि तपाईं जोनाथनले भनेका कुरा बुझ्न चाहनुहुन्छ भने, तिनले यसो भनेका थिए, "तपाईं जान्नुहुन्छ, के हुनेछ भनेर म १००% निश्चित छैनँ, तर म विश्वासमा कदम बढाउन चाहन्छु।" मलाई लाग्छ, विश्वास गर्नु भनेको कहिलेकहीं के हुनेछ भनी हामी निश्चित नहुँदा आज्ञाकारितामा कदम चाल्नु हो। अनि त्यस्तै बेला नै हो जब हामीले परमेश्वरमा भरोसा गर्नुपर्छ।

अनि यस भनाइमा जोनाथनले यसो भनिरहेका छन्, "म परमेश्वरको चरित्रमा विश्वास गर्नेछु। परमेश्वरका कार्यहरू कस्ता देखिन्छन् सो मलाई थाहा छैन, तर म जान्दछु, म उहाँको चरित्रमा विश्वास गर्न सक्छु।" एक युवा अगुवाको रूपमा, जब तपाईं रचनात्मक पहल गर्नुहुन्छ, तपाईं त्यो आफ्नो चरित्रको साथमा गर्नुहुन्छ, र त्यसपछि तपाईं परमेश्वर को हुनुहुन्छ भन्ने कुरामा निश्चितता हुन्छ भनी बुझेर विश्वास कदम बढाउनुहुन्छ। त्यहाँ अनिश्चित हुनेछ।

अनि त्यस्तो हुँदा केही हुँदैन, किनकि आखिरमा हामी रचनात्मक पहलको यो प्रक्रियाको साथमा परमेश्वरमा भरोसा गरिरहेका हुन्छौं।

तापनि, जोनाथनको अर्को पक्ष छ। तिनी चरित्रको साथमा खडा हुन्छन्। तिनीसँग यो विश्वास छ, तर तिनी एक्लै पहल गर्दैनन्। जोनाथनको प्रभाव छ। तिनी आफ्नो हतियार बोक्नेकहाँ जान्छन् र तिनले आफ्नो हतियार बोक्नेलाई प्रोत्साहन दिन्छन् साथै उसलाई आफूसँग सामेल हुन आमन्त्रित गर्छन्।

अनि हतियार बोक्नेले यसो भन्छ, "म आफ्नो सम्पूर्ण हृदय र प्राणसहित तपाईंको साथमा छु।"

जोनाथनसँग अति नै ठूलो योजना भएकोले हतियार बोक्ने जोनाथनसँग सामेल हुँदैन। वास्तवमा, जोनाथनको योजना केही अनौठो छ। जोनाथनसँग सबै स्रोत-साधनहरू भएकाले त्यो हतियार बोक्ने व्यक्ति जोनाथनसँग सामेल भएको होइन। जोनाथनसँग एउटा हतियार छ। जोनाथन जो हुन् र जोनाथनमा जुन चरित्र, इमानदारी र परमेश्वरको आत्मा भएकोले हतियार बोक्ने जोनाथनसँग सामेल हुन्छ।

यसमा ध्यान दिनुपर्ने कुरा के छ भने, एक युवा अगुवाको रूपमा पहल गर्न लाग्दा राजालाई प्रभाव पार्ने कोसिसमा तिनी राजाकहाँ जाँदैनन्। उनी आफ्नो हतियार बोक्नेलाई प्रभाव पार्न हतियार बोक्नेकहाँ जान्छन्।

धेरैचोटि युवा अगुवाहरूको रूपमा हामीमा गलत सोच हुन्छ। हामी यस्तो सोच्छौं, “सुन्नुहोस्, यदि मैले आफूमाथिका अधिकारीहरूलाई प्रभाव पार्न सकेँ भने, मसँग भिन्नता ल्याउने ठूलो मौका हुनेछ।“

जोनाथनले आफ्नो प्रभाव जमाउन अनि एकसाथ मिलेर परमेश्वरका निम्ति केही गर्नलाई आफ्नो नजिकका मानिसहरूलाई, तिनको हतियार बोक्नेलाई प्रभाव पार्छन्। परमेश्वरले तपाईंलाई मानिसहरू, असल मानिसहरूद्वारा घेर्नुभएको छ। तपाईं तिनीहरूलाई हेरेर यसो भन्न सक्नुहुन्छ, “तिनीहरूको धेरै प्रभाव छैन। तिनीहरूसँग कुनै अधिकार छैन। तिनीहरू मुश्किलले त्यो स्थानमा छन् जहाँ म छु।” तापनि यो कुरा बुझ्नुहोस्, कि रचनात्मक पहल गर्नु भनेको हामी एक्लैले गर्ने काम होइन। यो काम हामी अरूलाई पनि आमन्त्रित गरी गर्ने गर्दछौं। येशूले आफ्नो मिसन(काम)का लागि अधिकारीहरू र धर्मगुरुहरूलाई प्रभाव पार्न उनीहरूकहाँ जानुभएन। उहाँले मछुवाहरू, कर उठाउनेहरू र साधारण मानिसहरूलाई चुन्नुभयो।

तिनीहरू उहाँका हतियार बोक्नेहरू जस्तै थिए, किनकि एउटा मिसन पूरा गर्दा र त्यो पहल गर्दा प्रभाव आउँदछ भनी उहाँ जान्नुहुन्थ्यो। यहाँ जोनाथन हाम्रा लागि एक नमुनाको रूपमा छन्। जब तपाईं केही गर्न खडा हुनुहुन्छ तब तपाईंसित असल चरित्र होस्। त्यहाँ केही अनिश्चितता हुनेछ भन्ने बुझेर परमेश्वरको स्वभावमा भरोसा गर्ने विश्वास राख्नुहोस्। तर अरूमा पनि प्रभाव पार्नुहोस्, ताकि तपाईंहरू एकसाथ मिलेर यो महत्वपूर्ण भिन्नता ल्याउनुहोस्।

अब, कथामा जोनाथन एउटा यस्तो ठाउँमा पुग्छन् जहाँ तिनले केही कार्वाही गर्नुपर्छ। तिनी वास्तवमा लडाइँ गर्न जानुपर्छ। जब तपाईं १ शमूएल १४ अध्याय पढ्नुहुन्छ, तपाईं थाहा पाउनुहुन्छ कि जोनाथनको लडाइँमा जाने तरिका अलि असामान्य छ र स्वाभाविक रूपमा त्यो त्यत्ति बुद्धिमानी देखिँदैन। तिनी होचों जमीनमा छन्, अग्लोमा होइन, जुन खराब सैन्य रणनीति हो। तिनी धेरै ठूलो फौजको विरुद्धमा खुला मैदानमा लडन जान्छन्, जुन एउटा खराब सैन्य रणनीति हो।

तर जोनाथनले जे गर्छन् त्यो हाम्रो लागि एउटा नमुना हो, तिनले एक कदम अगि बढाउँछन्।

तिनले यो पहिलो कदम चाल्छन्, जुन सानो कदम जस्तो देखिन्छ। जोनाथन र तिनको हतियार बोक्ने व्यक्ति सँगसँगै केही गर्न बाहिर जान्छन्, एकसाथ एउटा सानो कदम चाल्छन्। जब तिनीहरूले त्यो सानो कदम चाल्छन् तब नै परमेश्वरले आफ्नो एक कदम चाल्नुहुन्छ। यो कुरा यस कथामा पाइने साँच्चै एउटा महत्त्वपूर्ण गुण हो जुन पहल गर्ने युवा अगुवाहरूको रूपमा हामीले सिक्नु आवश्यक छ।

कुनै स्थितिमा, यो तपाईंमाथि अधिकार भएकाहरूले तपाईंलाई आफूले चाहेको कुरा गर्न सक्ने स्थानमा राख्ने कुरा होइन। यो तपाईंले चाल्न सक्ने ठूलो कदम खोज्ने विषय होइन। अनि यो परमेश्वरले केही महान् काम गरून् भनेर निष्क्रिय रूपमा पर्खने विषय होइन। यो समझदारी (विवेक) को कुरा हो।

म कुन एउटा कदम चाल्न सक्छु? अनि यदि मैले यो कदम चालें भने, मेरो सानो कार्यले परमेश्वरको महान् कार्यतर्फ डोर्‍याउनेछ। नयाँ करारमा चार जना साथीको बारेमा एउटा सुन्दर कथा छ, जुन साथीहरूको हामी सबैले चाहना गर्दछौं, किनकि तिनीहरूको एक पक्षाघाती साथी छ र त्यहाँ एउटा घर छ। घरमा मानिसहरूको भीड छ। येशू त्यो घरभित्र हुनुहुन्छ। तिनीहरूले आफ्नो साथीलाई त्यो घरमा ल्याउँछन्। तर भित्र पस्न सक्दैनन्। त्यसैले तिनीहरूले साँच्चै त्यो घर भत्काउँछन्। तिनीहरूले त्यो घरको छानु निकालेर प्वाल पार्छन्। तिनीहरूले आफ्नो साथीलाई येशूको छेउमा पुऱ्याउन चाहेकाले त्यसरी घरको छानु तोड्छन्। यी चार साथीहरूले एउटा सानो कदम चाल्छन्। तिनीहरूले आफ्नो साथीलाई येशूकहाँ ल्याउने काम मात्र गर्छन्।

तर त्यो एउटा सानो कदमले परमेश्वरको कदममा पुर्‍याउँछ र तिनीहरूले रचनात्मक पहल गरेका कारण येशूले तिनीहरूको साथीलाई निको पार्नुहुन्छ। हो, हामीले चरित्र र इमानदारीबाट सुरु गर्नुपर्छ, ताकि हामी यो काम सही तरिकाले गर्न सकौं र भ्रम वा अनेकता सिर्जना नगरौं।

हामीले बुझ्नुपर्छ, कि यसका निम्ति विश्वास आवश्यक हुन्छ, र परमेश्वरले हामीलाई प्रभाव दिनुभएको छ, सायद अधिकारमा रहेका मानिसहरूमा होइन, तर हामीसँग संलग्न हुन सक्ने हाम्रै वरपरका मानिसहरूमा त्यो प्रभाव हुन सक्छ। अनि त्यसपछि हामी जान्दछौं, कि हामीले यो कार्य गर्नुपर्नेछ र हामीले यस्तो कदम चाल्नुपर्छ जुन सानो देखिन सक्छ। तर पहिले सानो कदम चाल्नु अनि मलाई आउन दिनु भन्ने परमेश्वरको नमुना किन छ त्यसको एउटा विशेष कारण छ। उहाँ हामी विश्वास गर्ने मानिसहरू बनौं भन्ने चाहनुहुन्छ, तर उहाँ जोनाथनको कथाको हिस्साको रूपमा रहेको त्यो महिमा हामीले प्राप्त गरौं भन्ने पनि चाहनुहुन्छ।

जोनाथन र तिनले यो कुरालाई जसरी सम्हाले त्यसद्वारा एक प्रकारले तिनले आफैलाई फौजको अगि देखाए। तिनले आफैलाई उदाङ्गो पार्छन्, किनकि परमेश्वरले केवल त्यो घटनाद्वारा मात्र महिमा पाउनुहुनेछैन भनी तिनी जान्दछन्। परमेश्वरले मद्वारा महिमा पाउनुहुनेछ। कृपया, यो कुरा बुझ्नुहोस्। परमेश्वरले केवल अभ्यास वा क्रियाकलाप वा फलदायी सेवकाईद्वारा मात्र महिमा पाउनुहुन्न। परमेश्वरले तपाईंद्वारा मात्र धेरै महिमा पाउनुहुन्छ। तपाईं परमेश्वरको महिमा हुनुहुन्छ।

जब तपाईं चरित्र, इमानदारी, प्रभाव, विश्वास र कार्यका साथ खडा हुनुहुन्छ र परमेश्वरले तपाईंद्वारा काम गर्नुहुन्छ, तपाईं को हुनुहुन्छ, अर्थात् तपाईंको पहिचान र उहाँप्रति तपाईंको इमानदारीद्वारा परमेश्वरले महिमा प्राप्त गर्नुहुन्छ। जब तपाईंसँग यो विश्वास हुन्छ, म परमेश्वरका लागि केही गर्न सक्छु। मलाई सबै कुरा बताउने वा सधैं अनुमति दिने कुनै शासक वा हाकिमको आवश्यकता छैन, तर म खडा हुन सक्छु र रचनात्मक पहल गर्न सक्छु र परमेश्वरको कामलाई अद्भुत तरिकाले हेर्न सक्छु।

तपाईं जान्नुहुन्छ, कि तपाईंको बोलावटमा रचनात्मक पहल पनि सामेल हुन्छ, जसको प्रयोग तपाईंको सेवकाईको जीवनको कम्तिमा तीन क्षेत्रहरूमा हुन्छ। अवश्य यसको प्रयोग तपाईंको सेवकाईमा हुन्छ। तपाईं आफ्नो सेवकाई र तपाईं रहेको समयलाई हेर्न सक्नुहुन्छ। तपाईं आफूमाथिका अधिकारीहरूलाई हेर्न सक्नुहुन्छ। तपाईं आफ्नो दर्शन र आफ्नो उद्देश्यलाई हेर्न सक्नुहुन्छ र म जोनाथनले जस्तै रचनात्मक पहल कहाँ गर्न सक्छु सो भन्न सक्नुहुन्छ। शासक वा हाकिमको आवश्यकता नपर्ने कमिला जस्तै म कहाँ खडा हुन सक्छु र परमेश्वरको लागि भिन्नता ल्याउन सक्छु। यो तपाईंको परिवारमा पनि लागू हुन्छ जहाँ परमेश्वरले हामीलाई पति-पत्नी र आमाबाबुको रूपमा निष्क्रिय हुन बोलाउनुहुन्न।

म मेरा छोराछोरीहरूको साथमा कहाँनेर पहल गर्न सक्छु? म मेरो जीवनसाथी वा मेरो ठूलो परिवारसँग कहाँनेर पहल गर्न सक्छु अनि विश्वास, इमानदारी र प्रभावका साथ कसरी त्यस्तो पहल गर्न सक्छु। म मेरो परिवारमा परमेश्वरले काम गरिरहनुभएको देख्न सक्छु। यो लागू हुने तेस्रो क्षेत्र भनेको तपाईंको समुदाय, तपाईंको छिमेकी क्षेत्र, वरपरका मानिसहरू हुन्। म कहाँनेर पहल गर्न सक्छु। म कसरी मेरो समुदायको सेवा गर्न सक्छु। म कसरी भिन्नता ल्याउन सक्छु। मैले यो गर्छु भनेर कसैले पनि आशा राख्दैन। कसैले पनि मलाई यो गर्न निर्देशन दिइरहेको छैन। तर म चरित्र, प्रभाव, विश्वास र कार्यद्वारा मेरो समुदायमा भिन्नता ल्याउन सक्छु। अनि जब तपाईं आफ्नो परिवारमा, आफ्नो सेवकाईमा, आफ्नो समुदायमा त्यो गर्नुहुन्छ, तपाईंले त्यो जोनाथनले जस्तै तरिकाले गर्नुभएकोले परमेश्वरले महिमा पाउनुहुन्छ र उहाँले तपाईंद्वारा पनि महिमा प्राप्त गर्नुहुन्छ।

पहिलो शमूएल १४ अध्यायको यो कथा जसरी अन्त्य भएको छ त्यो चाखलाग्दो छ। म तपाईंलाई २३औं पद पढेर सुनाउन चाहन्छु, यसले भन्छ,"त्यस दिन परमप्रभुले इस्राएललाई छुटकारा दिनुभयो, र युद्ध बेथ-आवनको पारिसम्मै

फिँजियो।" यो पनि जोनाथनले पहल गरेका अनि लडाइँमा विजयी बनेका एउटा अचम्मको कथा हो। तर यो कथा अर्को लडाइँ आउँदैछ भन्दै समाप्त हुन्छ।

तपाईं एउटा बोलावट प्राप्त गर्ने जब त्यसमा प्रवेश गरेको क्षण तपाईंले रचनात्मक पहल गर्ने धारणा देख्नुहुन्छ। जब कसैले मलाई उपाधि दिन्छ, जब कसैले मलाई पैसा दिन्छ, र जब कसैले मलाई मौका दिन्छ तब तपाईं निष्क्रिय भएर बस्नुहुन्न। होइन, तपाईं तुरुन्त अगि बढनुहुन्छ। म जोनाथन जस्तो बन्न सक्छु।

यो एउटा जीवनशैली हो।

यो तपाईंले आफ्नो बोलावटमा गर्नुहुने निर्णय हो, जुन एकै क्षणका निम्ति मात्र हुँदैन। यो तपाईं को हुनुहुनेछ भन्ने सम्बन्धमा तपाईंले लिनुहुने ओहदा हो। पावलले एफिसी ५:१५,१६ मा यस विषयमा लेखे। तिनले भने, "यसैले कसरी हिँड्छौ ध्यानसँग हेर- निर्बुद्धि मानिसजस्तो होइन, तर बुद्धिमानजस्तो। समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ।" पावल यो कुरा मण्डलीलाई भन्छन्। योसँग होसियार बस्नुहोस्।

परमेश्वरले तपाईंलाई दिनुहुने मौकाहरूमा जोनाथनजस्तै खडा हुन र तपाईंले पहल गर्नुभएकोले भिन्नता ल्याउन होसियार हुनुहोस्। दुई हजार वर्ष अघि एक मुट्ठी चेलाहरूले आफ्ना प्रभुलाई स्वर्गतिर उचाँलिदै गर्नुभएका देखे अनि तिनीहरू एउटा निर्णयमा अडिग रहे। हामी कोही आऊन् र हामीलाई सबै दिशानिर्देशनहरू देऊन् भनेर निष्क्रिय रूपमा पर्खन्छौं। वा जोनाथन जस्तो हामी खडा हुन्छौं र पहल गर्नेछौं। तपाईं युवा अगुवाहरूलाई म उत्साह दिन चाहन्छु, तपाईंको जीवनमा परमेश्वरको बोलावट छ, तपाईंको निम्ति एउटा उद्देश्य छ, र त्यो अर्को वर्ष वा

त्यो समस्यालाई हेर्नुहोस्, जुन समाधान गर्न परमेश्वरले तपाईंलाई त्यो स्थानमा राख्नुभएको छ। त्यो क्षणमा त्यस मौकालाई हेर्नुहोस्, जुन अवसरमा पहल अबको पाँच वर्षपछि सुरु हुँदैन। यो आजैबाट सुरु हुँदछ। गर्न परमेश्वरले त्यो स्थानमा राख्नुभएको छ। अवश्य, इमानदारीका साथ यो गर्नुहोस्। प्रभावका साथ यो गर्नुहोस्। तपाईंले यो विश्वासका साथ गर्नुपर्नेछ र तपाईंले काम गर्नुपर्नेछ। तर आखिरमा जब तपाईं यो गर्नुहुन्छ, परमेश्वरले महिमा प्राप्त गर्नुहुनेछ।

अरू कसैले अनुमति नदिएसम्म, अरू कसैले तपाईंलाई ओहदा नदिएसम्म, जबसम्म अरू कसैले तपाईंलाई स्रोत-संसाधन नदिएसम्म पर्खनुपर्छ भन्ने परीक्षमा नपर्नुहोस्। जोनाथनले जस्तै परमेश्वरको कार्य र उद्देश्य पूरा भएको देख्नका लागि रचनात्मक पहल गरेर तपाईं अहिले नै आफ्नो बोलावट पूरा गर्न थाल्न सक्नुहुन्छ।